नेपाल सरकार

**वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय**

सिंहदरवार, काठमाडौं ।

## सार्वजनिक अपिल

## प्लाष्टिक झोलाहरु प्रयोग नगरौं/नगराऔं र वातावरणलाई स्वच्छ राखौं

प्लाष्टिकका पातला झोलाबाट भएको फोहोर व्यवस्थापन समस्यालाई दृष्टिगत गरी न्यूनतम २० माइक्रोन मोटाईको झोला मात्र उत्पादन गर्न पाउने गरी नेपाल सरकारले मिति २०५६/६/१० मा निर्णय गरेको व्यहोरा सवैलाई विदितै छ ।

पातला प्लाष्टिकको झोलाको प्रयोगबाट फोहोर मैला व्यवस्थापनमा समस्या खडा भएको,यसलाई जलाउँदा विभिन्न प्रकारका हानिकारक ग्याँस निस्कन गई वायु प्रदुषण भएको, लामो समय सम्म नसड्ने (Non Bio-degradable) हुनाले शहरको सौन्दर्यता, नदीहरुको स्वच्छता र ढलको प्रवाह आदिमा नकारात्मक प्रभाव पार्दै आई रहेको हुनाले यस्ता पातला प्लाष्टिकको झोलाको प्रयोगलाई निरुत्साहित गर्न यस मन्त्रालयको ध्यानाकर्षण भएको छ ।

काठमाडौं लगायत देशका विभिन्न भागहरुमा विशेष गरी शहरी इलाकाहरुमा पातला प्लाष्टिक झोलाका फोहोरहरुले फोहोर व्यवस्थापनमा जटिलता पैदा गरेको व्यहोरा विदितै छ । प्लाष्टिकका प्राय सवै जसो फोहोरहरु Recycling का लागि प्रयोग गरिने गर्दछ तर प्लाष्टिकका झोलाको हकमा निकै पातलो हुने हुँदा संकलनहरुका लागि आर्थिक फाइदा न्यून हुने हनाले उक्त झोलाहरु यत्र तत्र छरिइ वातावरणमा ज्यादै नकारात्मक असर परिरहेको सवैले महसुस गरेको परिप्रेक्षमा २० माइक्रोन भन्दा कमका प्लाष्टिकका झोलाहरुको उत्पादन तथा विक्री वितरणमा रोक लगाउने नेपाल सरकारको मिति २०५६/६/१० को निर्णय पूर्ण रुपमा कार्यान्वयन गर्न लागिएको व्यहोरा उत्पादन, वितरक तथा विक्रेता समेतलाई जानकारी गराउँदछौं । अतः पातला प्लाष्टिकका झोलाहरु प्रयोग नै नगर्ने तर्फ सर्वसाधारणको ध्यानाकर्षण गराउँदै स्वच्छ, सफा र सुन्दर वातावरण निर्माणको लागि सम्पूर्ण संघ, संस्था, नागरिक, युवा, महिला तथा वातावरण प्रेमी, बुद्धिजिवि वर्गलाई यस कार्यमा सहयोग गर्न यस मन्त्रालय हार्दिक अपिल गर्दछ । यस सम्बन्धमा यहाँहरुको अमूल्य सुझाव भए निम्न ठेगानामा पठाउनु हुन समेत अनुरोध गर्दछौं ।

**वातावरण महाशाखा**

**वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय**

सिंहदरवार, काठमाडौं ।

**email:info@most.gov.np**

**puru@most.gov.np**

मिति २०६६।०१।०४ को गोरखापत्रमा प्रकाशित